सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल
SUNDARBAZAR MUNICIPALITY
Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

## बेरोजगार सूचीमा सूचीकृत हुन निवेदन दिने सूचना

(सूचना प्रकाशन मिति : २०८१/१०/३०)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (थ) बमोजिम बेरोजगारको तथ्याङ्क संकलन र रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ (दोश्रो संसोधन २०७७) को नियम ७ बमोजिम आगामी **आर्थिक वर्ष २०८२/०८३** का लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्धारा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अन्य न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन १८ वर्ष उमेर पुरा भई ५९ वर्ष नकटेका बेरोजगार व्यक्तिहरुले आवश्यक कागजात सहित तोकिएको ढाँचामा निवेदन भरी आफु स्थायी बसोवास रहेको वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा **मिति २०८१ फागुन २९ गते** सम्म दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएकोछ । बेरोजगार सूचिकृत हुन निवेदन फारम नगरपालिकाको रोजगार सेवा केन्द्र र वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।

पुनश्चः अघिल्ला आर्थिक वर्षहरुमा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि सुचिकृत हुन तोकिएको निवेदन फारम भरी नविकरण गराउनुपर्नेछ। तोकिएको मिति भित्र आवश्यक बिवरण पुर्ण रुपमा नभरी पेश भएको कारण निवेदन सूचिकृत हुन नसकेमा नगरपालिका जवाफदेही हुने छैन ।

**निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी — १ प्रति
२. पासपोर्ट साइजको फोटो — १ प्रति
३. निवेदक अन्यत्रबाट बसाई सराई भई आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी ।
४. निवेदक बैदेशीक रोजगारीबाट फर्किएको भए उक्त प्रमाण खुल्ने कागजात (पासपोर्ट वा श्रम स्विकृतीको प्रमाण आदि) को प्रतिलिपी ।
५. शैक्षिक ओहोदा, तालिम र कार्य अनुभव प्रमाण पत्रका प्रतिलिपी (भएमा पेश गर्ने) ।

***नोट : सूचिकृत मध्ये छनौट भएका बेरोजगारहरुलाई नगरपालिकाले कार्यक्रमको निर्देशिका तथा कार्यविधिको अधिनमा रही न्यूनतम रोजगार (भौतिक पूर्वाधार निर्माण तथा मर्मत), स्वरोजगारमुलक तालिम, स्वास्थ्य तथा शिक्षा अभियान, वातावरण संरक्षण आदि जस्ता क्रियाकलापमा संलग्न गर्न सकिनेछ ।***

**बिस्तृत जानकारीका लागि सम्पर्क नं. :**
रोजगार संयोजक (९८४१३८०३७५) र रोजगार सहायक (९८४३७१०५०१)

२०८१।१०।३०
..............................
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

Tel : +977-66-402226, Fax : +977-66-402059 | E-mail : sundarbazarmun@gmail.com | Website : www.sundarbazarmun.gov.np